Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# नेपाल कम्युनिष्ट पार्टी माओवादीको वि.सं.२०५२ देखि २०६२ सम्मको भारतनीति

**केशबराज अर्याल**
एमफिल लिड पी.एच.डी.शोधार्थी
इतिहास केन्द्रीय विभाग
इमेलः keshabmetro@gmail.com
Doi: https://doi.org/10.3126/hisan.v10i1.74832

## सार

*प्रस्तुत लेख नेपाल कम्युनिष्ट पार्टी माओवादीको शशस्त्र विद्रोहको समय बि.सं.२०५२ देखि २०६२ सम्म भएको भारतनीतिमा केन्द्रीत रहेको छ । विगत लामो समयदेखि नै नेपालले असंलग्न परराष्ट्रनीति अपनाउदै आएको छ । परराष्ट्रनीति निर्धारण गर्ने कार्यमा सरकार, बिदेशमामिलाका विज्ञहरू आदि संलग्न रहेका हुन्छन् । दलीय रजनीति अगालेको देशमा संसद र सरकार राजनीतिक दलहरूबाट निर्माण गरिएका हुन्छन् । यसअर्थमा बिदेशनीति निर्माणमा दलहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको बिदेशनीति निर्माणमा संसदमा प्रतिनिधित्व गर्दै आएको माओवादी दलको पनि महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपाल कम्युनिष्ट पार्टी माओवादीले बि सं.२०५२ साल देखि २०६२ सम्म भूमिगत रही शशस्त्र द्वन्दमा रहेका बेला भारत विरोध नीति अगाडि सारेको थियो । माओवादीले शशस्त्र संघर्ष सुरु गर्ने समयमा जनतन्त्रको मुद्धा बोकेको थियो । संघर्ष सुरु गरेपछि राष्ट्रिय स्वाधिनता र जनतन्त्रका मुद्धालाई सँगसँगै लैजाने कुरा उल्लेख गर्‍यो । पछि फुन्टीवाड बैठकबाट राष्ट्रिय स्वाधिनताको मुद्धालाई प्राथमिकता दिने भन्दै भारतसँग सुरुङ युद्ध गर्ने कुरा उल्लेख गर्‍यो । तर त्यो पार्टीका केही प्रमुख नेताहरू भारतमै बसेर नेपालमा शशस्त्र युद्ध सञ्चालन गरिरहेका थिए । त्यो समयमा भारतमा केही माओवादी नेताहरू प्रकाउ परेपछि भारतलाई घुक्र्याउन माओवादीले भारत विरोधी अभिव्यक्ति दिनुलाई विदेश नीतिमा रहेको अस्पष्टता देखिन्छ । यस विषयमा खोज र अध्ययनको गर्नु नै प्रस्तुत लेखको उद्देश्य रहेको रहेको छ । पछि माओवादी प्रतिबन्धित रहेकै र राज्यले आतङ्ककारी घोषणा गरेकै अवस्थामा सातदल र माओवादी बीच तत्कालिन राजा ज्ञानेन्द्रको शासन विरुद्ध संयुक्त संघर्ष गर्ने निर्णय पछि १२ बुदे सहमति भयो । १२ बुदे सहमति पनि भारतमै भएको थियो । वि.सं.२०५२ सालदेखि वि.सं.२०६२ सम्म माओवादी भारत परस्त रहेपनि सिद्धान्त र व्यवहारमा भने अन्तरबिरोध रहेको देखियो । गुणात्मक विधिमा आधारित रहेको यस लेखमा माओवादीका दस्तावेज, विज्ञहरूसंगका गहन अन्तरबार्ता, प्राथमिक स्रोतका रुपमा उपयोग गरिएका छन् भने पुस्तक, पत्रपत्रिकामा प्रकाशित लेखरचना द्वितीय स्रोतका रुपमा प्रयोग गरिएका छन् ।*

***शब्दकुञ्जी*** **:** सशस्त्रसंघर्ष, प्रधान अन्तरबिरोध, दस्ताबेज, सौदाबाजी, विदेशनीति

## परिचय

कुनै पनि देशले अन्य देशहरूसँग राख्ने समबन्ध र त्यस विषयमा निर्माण र कार्यान्वयन गर्ने नीतिलाई त्यो देशको विदेश नीति भनिन्छ । यस्तो विदेश नीति छिमेकी मुलुकहरूसँग गरिने व्यवहार र उनीहरूसँग हुने सम्बन्धमा आधारित रहेको हुन्छ । नीतिको अर्थ पद्धतिबाट हिड्दा अगाल्नु पर्ने नियम हो (गौतम, २०७९) । नीतिलाई देश, सरकार वा संस्थाले आफ्नो कार्य सञ्चालनका लागि अगाल्नु पर्ने आधारभूत सिद्धान्त मानिन्छ

। यसरी हेर्दा छिमेकनीति वा विदेश नीति भन्नाले आफ्नो निकट देशसँग सरकारले आफ्नो कार्य सञ्चालन गर्दा अगाल्नु पर्ने आधारभूत सिद्धान्त भन्ने बुझिन्छ । जोनसनले परराष्ट्रनीति मुलत बिदेशी शक्तिसँग सरोकार राख्ने सरकारको कला बताउनु भएको उल्लेख गरेका छन् (अर्याल, २०७९) । त्यस्तै पि.सी थोमसले अन्तर्राष्ट्रिय सम्बन्ध सीमाभन्दा बाहिरको सबै किसिमको सम्बन्ध तथा मानिस, बस्तु र बिचारको राष्ट्रियसीमा भन्दा बाहिरको आदान प्रदान तथा गतिबिधि हो भनी उल्लेख गरेका छन् (शिवाकोटी, २०७३) ।

सैद्धान्तिक रुपले कुनै पनि देशको विदेश नीति वा छिमेक नीति बनाउन संसद र सरकारको महत्वूर्ण भूमिका रहेको हुन्छ । कुनैपनि देशको सरकारले विदेशमामिलाका विज्ञहरूका सुझाव र सल्लाहका आधारमा विदेशनीति निर्माण गरी त्यसलाई अनुमोदन गराएको हुन्छ । दलीय पद्धति भएको देशमा विदेशनीति निर्माण गर्दा राजनीतिक दलहरूको पनि महत्वपुर्ण भूमिका रहेको हुन्छ । भारतमा पछिल्लो समयमा जनता पार्टीका नेता नरेन्द्रं मोदी शक्तिमा आएपछि उनले छिमेकिलाई प्राथमिकता र सामरिक सम्बन्धको मामिलामा स्वतन्त्रता रहने भन्ने अवधारणा अगाडि सारेका थिए (पन्त, सन् २०२२१) चीनमा सिजिनफिङले छिमेकीसँगको सम्बन्ध मित्रता, इमान्दारिता, पारस्परीक लाभ र साझेदारीका आधारमा अगाडि बढाउन चाहेका थिए (गौतम, २०७९) । नेपालले बिगत लामो समयदेखि नै सन्तुलित र स्वतन्त्र असंलग्न परराष्ट्रनीति अपनाउनदै आएको छ (नेपाल सरकार परराष्ट्रनीति, २०७७) । आधारभूत रुपमा देशको विदेश नीतिमा देश भित्रका सबै राजनीतिक दलहरूको समान धारणा रहेको हुन्छ किनकी त्यस्ता राजनीतिक दलहरू सबैजसोले राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता र क्षेत्रिय अखण्डता आफ्नो देशको समग्र विकास स्थायित्व राष्ट्रिय पहिचानको अभिवृद्धी सामाजिक, सांस्कृतिक एकताको संरक्षणमा ध्यान केन्द्रीत गरेका हुन्छन् । तर कतिपय अवस्थामा कुनै राजनीतिक दल वा नेताहरूले चाल्दै आएको फरक नीति व्यवहार भएमा त्यो देशको परम्परागत नीतिलाई स्वीकार नगर्न पनि सक्दछन् (शर्मा, २०८०) त्यस्ता राजनीतिक दल तथा व्यक्तिहरूले परम्परागत विदेशनीतिका अतिरिक्त आफ्नो अन्तर्राष्ट्रिय कुटनीति सम्बन्ध वा छिमेक सम्बन्धमा फरक धारणा पेस गर्ने गरेको पनि पाइन्छ ।

सामान्यतः देशको विदेशनीति, सरकारको विदेशनीति र दलको विदेशनीतिमा केही भिन्नताहरू भएपनि .यिनीहरू एकापसमा अन्तरसम्बन्धित विषय हुन् (शिवाकोटी, २०७३) । कुनै पनि रजनीतक दलको विदेशनीतिको असर सरकार र सरकारको विदेश नीतिको असर समग्र देशको विदेशनीतिमा पर्न सक्ने हुन्छ । वर्तमान विश्वका जुनसुकै देशहरू पनि एकअर्कासँग अन्तरनिर्भर रहँदै आएको पाइन्छ । वर्तमान समयमा चाहे शक्तिशाली राष्ट्र होउन वा कमजोर राष्ट्र, विकसित राष्ट्र होउन वा अविकसित राष्ट्र ती एकअर्कामा अन्तरनिर्भर रहेकै हुन्छन् । त्यसैले वर्तमान समयमा कुनै पनि देशको विदेश नीति कस्तो छ भन्ने कुराले उक्त देशको राष्ट्रिय हितलाई प्रत्यक्ष असर पार्ने गरेको हुन्छ (शिवाकोटी, २०७३) । यदि देशको विदेश नीति सही र उचित छ भने त्यस्तो देशको विश्वका सबै देशहरूसँग असल कुटनीतिक सम्बन्ध कायम रहेको हुन्छ । अन्तर्राष्ट्रिय समुदायसँग कस्तो कुटनीतिक सम्बन्ध स्थापित गर्ने भन्ने कुराको निर्धारण देशको विदेश नीति कस्तो छ भन्ने कुरामा भर गर्दछ (शिवाकोटी, २०७३) । त्यसैगरी छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध कस्तो छ भन्ने बिषयले पनि राष्ट्रिय स्वाधिनता र शान्ति तथा स्थायीत्वसँग सरोकार राखेको हुन्छ । छिमेकी देशहरूसँगको सम्बन्ध वर्तमान समयमा मात्र सीमाको बिषयमा केन्द्रीत नरही देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य विविध परिघटनामा छिमेकी देशको विदेश नीतिको भूमिकाले निर्धारण गर्दछ । छिमेकीसँगको सम्बन्ध राम्रो नहुँदा आपसी युद्ध, बाह्य हस्तक्षेप आन्तरिक अस्थिरता जस्ता समस्या भोग्नु

परेका प्रसस्तै उदाहरण पाइन्छन् । चाहे त्यो इजरायल र प्यालेष्टाइनको समस्या होस् वा दक्षिण एशियाकै राष्ट्र भारत र पाकिस्तानको होस् तथा चीन र भारतको नै किन नहोस् । पछिल्लो समयमा रुस र युक्रेनको युद्ध पनि यही कारणको एक ज्वलन्त उदाहरण हो । हाम्रो आफ्नै देश नेपालको इतिहास हेर्दा पनि छिमेकीसँग सम्बन्ध राम्रो नहुँदा नेपाल तिब्बत युद्ध, नेपाल र भारतस्थित ब्रिटिस कम्पनी सरकार बीचको युद्ध भएको पाइन्छ । यस्तै कारणले गर्दा देशको सीमाना नै थपघट भएको पाइन्छ । यसअर्थमा अन्तर्राष्ट्रिय सम्बन्ध जस्तै राष्ट्रको छिमेकीसँगको सम्बन्ध र छिमेकनीतिको पनि बिशेष महत्व रहेको पाइन्छ ।

नेपालले विगतदेखि अपनाउँदै आएको विदेशनीति पञ्चाशिल र असंलग्न परराष्ट्रनीतिमा आधारित रहँदै आएको छ । त्यही कारणले नेपालको सरकारको मार्गदर्शकनीति पनि यही रहेको पाइन्छ (खनाल, २०३४) । नेपालका राजनीतिक दलहरूले यो बिषयलाई स्वीकार गरेपनि कतिपय मामिलामा दलको फरक धारणा रहेको हुनसक्छ । भारतसँगको सम्बन्धकै विषयमा नेपाल र भारतका बीचको सन्धि सन् १९५० वा बि.सं. २००७ लाई हेर्ने दृष्टिकोण, सीमाक्षेत्रमा बनाईएका बाँध, अपराधि सुपुर्दगी सन्धि, अन्तर्राष्ट्रिय राजनीतिमा विवादित बनेका कतिपय मुद्दाहरूलाई हेर्ने दृष्टिकोणमा दलहरूको फरक धारणा रहेको पाइन्छ । नेपाल सरकार सन् १९५० वा बि.सं.२००७ को नेपाल-भारत सन्धिका विषयमा मौन रहेपनि माओवादी पार्टीले द्वन्दकालमा उक्त सन्धि खारेज हुनुपर्ने धारणा राख्दै आएको थियो (संयुक्त जनमोर्चा, २०५२) ।

वर्तमान समयमा माओवादी पार्टीले पनि नेपालको संसदमा प्रतिनिधित्व गर्दै आएको छ । बि.सं.२००६ सालमा स्थापना भएको नेपालको कम्युनिष्ट पार्टी कहिले फुट्ने र कहिले जुट्ने हुँदै बि.सं.२०५१ सालमा नेपाल कम्युनिष्ट पार्टी माओवादी नाम राखेर अगाडि बढेको थियो (के.सी., २०७३) । यो पार्टी बि.सं.२०५२ सालदेखि २०६२ सालसम्म शशस्त्र संघर्षमा होमिएको थियो । सशस्त्र संघर्ष गर्दा त्यस पार्टीका दस्तावेजमा छिमेकि भारतलाई बिस्तारवादी भन्दै चर्को बिरोध गर्ने गरेको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । तर त्यो समयमा पनि पार्टीको नेतृत्व तहमा रहेका नेताहरूले भारतमै बसेर नेपालमा युद्ध सञ्चालन गरिरहेका थिए । पछि नेपालका सातवटा राजनीतिक दलहरूसँग जनआन्दोलनका लागि सहकार्य गर्ने र शान्तिको राजनीतिमा आउने भनी ५ बुँदे सहमति पनि भारतमै गरेका थिए (भट्टराई, २०७३) ।

नेपालको असंलग्न परराष्ट्रनीति तथा विभिन्न राजनैकि दलहरूले अवलम्बन गर्ने भनी तयार पारेको विदेशनितिका सम्बन्धका प्रसस्त लेखरचनाहरू प्रकाशन भएको पाइन्छ । त्यस्ता प्रकाशित तथा अप्रकाशित सामाग्रीहरूमध्ये नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास भाग १ देखि ३ (के.सी., २०७९) मा लेखकले नेपालमा कम्युनिष्ट पार्टीको स्थापनाको पृष्टभूमिबारे चर्चा गर्दै पहिलो खण्डमा वि.सं.२००६ सालदेखि २०१९ सालसम्म, दोस्रो खण्डमा वि.सं.२०२० देखि २०४९ सम्म र तेस्रो खण्डमा वि.सं.२०५० देखि २०६४ सालसम्मको चर्चा गरिएको छ । पुस्तकमा साम्यवादको चर्चा, नेपालमा कम्युष्टि आन्दोलनको पृष्टभूमि, तत्तकालिन राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, विश्व कम्युनिष्ट आन्दोलन र मतभेद, नेपालको कम्युनिष्ट आन्दोलन भित्रको मतभेद र टुटफुट, माओवादी पार्टी र माओवादीका प्रमुख आक्रमणहरू, माओवादीका दस्ताबेजहरू आदिको चर्चा गरिएको छ । तर उक्त पुस्तकमा माओवादीको भारत नीति, ब्यबहारिक अभ्यास के थियो भन्ने चर्चा गरिएको छैन बिष्लेषण छैन । त्यसैगरी (शिवाकोटी, २०७३) मा अन्तर्राष्ट्रिय राजनीति, अन्तराष्ट्रिय सम्बन्ध, राजनीतिमा आतंकवाद, अन्तर्राष्ट्रिय राजनीतिक सिद्धान्त, अन्तर्राष्ट्रिय संघर्ष, भूराजनीति, राष्ट्रहित, विदेशनीति, कुटनीति आदि उल्लेख गरिए पनि नेपाली कम्युनिष्ट आन्दोलन, माओवादी र उनीहरूको विदेशनीतिबारे उल्लेख गरिएको छैन । त्यस्तै (गुरुङ, २०७७) मा मा मूलतः नेपालले अपनाउँदै आएको

असंलग्न परराष्ट्रनीति ठीक रहेको बताउदै भारतसँग सम्मान पूर्ण व्यबहार पाउन संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय फोरममा प्रभावकारी उपस्थिति जनाउनु पर्ने सुझाब दिइएको छ । त्यसैगरी यदुनाथ खनालले नेपाल ट्रान्जिसन फरम आइसोलेशन (२०३४) मा वि.सं.१९६० देखि १९७० सम्मको दशकमा नेपालले लिएको दृष्टिकोण, विश्व राजनीतिमा खेलेको भूमिका भारत चीन, सोभियत संघ तथा अमेरिका लगायत अन्य शक्तिप्रतिको नेपालको धारणालाई व्यवहारिक रुपमा गरिएको कार्यान्वियन बारेमा उल्ले गरिए पनि माओवादीको विदेश नीतिका बारेमा उल्लेख छैन । यसरी विभिन्न विद्वानहरूले नसमेटेको बिषय माओवादी पार्टीको भारतनीति यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## शोधविधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिका आधारमा तयार गरिएको छ । यसमा प्राथमिक र द्वितिय दुबै प्रकारका स्रोतहरूको सहयोग लिइएको छ । माओवादीका अप्रकाशित दस्ताबेज तथा बिषय बिज्ञसँगको अन्तरवार्तालाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ । प्राथमिक स्रोतहरू खुल्ला प्रश्नावलीको माध्यमबाट गहन अन्तरवार्ता बिधि प्रयोग गरी प्राप्त गरिएको छ भने पुस्तकालय अनुसन्धान बिधि प्रयोग गरी द्वितिय तथ्याङ्क संकलन गरिएको छ । प्रकाशित पुस्तक, अनुसन्धानात्मक लेख,अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, इन्टरनेटमा प्राप्त बिषयगत लेखहरूको माध्यमहरूबाट द्वितिय तथ्याङ्कहरूको संकलन गरिएको छ । प्राप्त तथ्याङकलाई बर्णनात्मक तथा बिश्लेषण बिधिको माध्यमका आधारमा निष्कर्ष निकालिएको छ । यस अध्यनका लागि प्रचलित बिदेश नीतिका सिद्धान्तहरूमध्ये प्रणाली सिद्धान्तको प्रयोग गरिएको छ । यो सिद्धान्तको परिकल्पना सर्वप्रथम केनेथ थम्सन नामक विद्वानले गरेका थिए । पछि मोटेन कप्लानले त्यसलाई अझ बिकसित गरेका थिए । यसमा प्रणाली सिद्धान्तका बिभिन्न पक्षको चर्चा गरिएको छ । अन्तर्राष्ट्रि राजनीति र सम्बन्धमा राजनीति प्रणाली र सैद्धान्तिक पक्ष तथा मालसामानको सप्लाई प्रणालीले असर गर्दछ भन्ने अवधारणा प्रस्तुत गरिएको छ ।

एकातर्फ माओवादी लडाकुको युद्धसामग्री आयात भारतको आपूर्ति प्रणालीसँग जोडिने र अर्को राजनीतिक प्रणालीमा भारतमा पूँजिबाद अपनाइएको देश माओवादी सामाजवादी प्रणालीको पक्षमा लड्ने पार्टी । यस्तो अबस्थामा भारतसँग धेरै दुस्मनी गर्दा माओवादीलाई हातहतियार र अन्य युद्धसामग्री आपूर्ति समस्या हुने भएकोले भारतले अप्ठ्यारो पार्दा बिरोध गर्ने सहज हुँदा नरम देखिने गरेको पाईयो । त्यस्तै राजनीतिक प्रणालीको पनि यदा कदा बिरोध गर्ने तर स्वार्थ अनुरुप चुप लाग्ने गरेको पाईयो । सौदावाजी सिद्धान्त, सौदाबाजी सिद्धान्तका प्रतिपादक थोमस सी.सेलिड हुन् । यस सिद्धान्तका अनुसार राजनीतिक प्रणाली भित्र आफ्नो स्वार्थका लागि अनेक किसिमका सौदाबाजी गरिहेका हुन्छन् । माग गर्नेले धेरै माग गरेपनि पनि निर्णय कर्ताहरूले सम्पुर्णमाग पुरागर्न सक्दैनन तर कतै न कतै सहमति हुन्छ । राजनीतिमा.वा अन्य बिषयमा पनि आफ्नो सौदाबाजि पुरा भए कसरी सहमति गर्दछ भन्ने पनि यो सिद्धानतले उल्लेख गर्दछ । माओवादीले पनि भारतसँग राष्ट्रियताको सन्दर्भमा चर्को रुपले भारतको विरोध गरेपछि भारतमा रहँदा भारतले नदेखे जस्तो गर्ने तर अघोषित सहमति गरेको देखिन्छ किनकि नेपालमा प्रतिबन्धित पार्टीका माओवादी पार्टीका नेता भारतमा बस्न सहज थिएन । भारत नरम भएपछि अधोषित सौदाबाजी गर्न यो सिद्धान्त प्रयोग भएको देखिन्छ । अतिवादी सिद्धान्त पहिला धर्मप्रचारका निमित्त प्रयोग गरेको पाइन्छ । यसको प्रतिपादन सन् १७१९ मा पोप ग्रेगरी पन्धौले जनतालाई प्रभावित पार्न गरेका थिए । यही पोपको एजेण्डा भएको हुदाँ यसको नाम प्रोपागाण्डा वा प्रचार रहेको हो । हिटलरका सञ्चार मन्त्री गोयबल्सले पनि यो निकै प्रयोग गरेका थिए । माओवादीले पनि

सहज प्रचारका लागि भारतसँग सुरुङ युद्ध भने पनि भित्रि निर्णय त्यस्तो थिएन । व्यापक प्रचारका लागि यो ऐजेण्डा छानिएको थियो तर प्रचार भए पछि क्रमसः छाड्दै गए । माओवादीले प्रयोग गरेका प्रचारवादी सिद्धान्त, सामूहिक लेनदेनका लागि प्रयोग गरेको देखिन्छ । यो अध्यनलाई प्रचारवाजी र लेनदेनको सिद्धान्तको रुपरेखाभित्र समायोजन गरी अध्यन गरिएको छ ।

## अध्ययनको महत्व

माओवादीले सशस्त्र संघर्ष गर्दै गर्दा उसको छिमेकी राष्ट्र भारतसँगको सम्बन्धलाई लिएर नेपाली राजनीतिमा अनेक कोणबाट टिका टिप्पणी हुने गरेका थिए । कतिपयले माओवादी सच्चा देशभक्त पार्टी भने कतिपयले कम्युनिष्ट राष्ट्रवादी र देशभक्त नहुने बरु उनीहरू अन्तर्राष्ट्रियवादी हुने कुरा उल्लेख गरेको पाइन्छ । कसैले माओवादीले भारत बिरुद्ध सुरुङ युद्ध गर्ने बताएकोले देशभक्त शक्ति भने भने कसैले भारतमै बसेर भारतकै सहयोगमा जनयुद्ध गरेको भन्ने आरोप पनि लगाए । वास्तबमा माओवादीको भारत प्रतिको नीति के रहेछ भन्ने जान्न उसका दस्तावेज अध्ययन गर्नु पर्ने हुन्छ । राजनीतिक पार्टीको कुनै बिषयमा आधिकारिक धारणा जान्न त्यो पार्टीको आधिकारिक दस्तावेजको अध्ययन गरी त्यस उपर विश्लेषण गरेर निष्कर्ष निकाल्नु बैज्ञानिक र तथ्यपूर्ण हुन्छ । यही कुरालाई दृष्टिगत गर्दै यहाँ वि.सं.२०५२ देखि वि.सं.२०६२ सम्म माओवादीको भारतनीति के थियो भनी उनीहरूका आधिकारिक दस्तावेज उपरको अध्यनले माओवादीको बिदेशनीति र सम्बन्ध तथा यसमा आएका उतार चढाब र माओवादी प्रतिको स्थापित मान्यताका बिषयमा प्रकास पार्ने भएकाले यो अध्यन औचित्यपूर्ण र महत्वपर्ण रहेको छ ।

## नेपालका माओवादीको पृष्टभूमी

नेपालमा कम्युनिष्ट पार्टी स्थापना वि.सं.२००६ साल भाद्र ३० गते भएको थियो भन्ने कुरा नेपालका सबै कम्युनिष्ट पार्टीहरूले मान्दै आएका छन् (के सी., २०७९) । वि.सं.२००६ सालमा नेपालमा राणा शासन थियो । त्यो समयमा देशमा राजनितिक दल खोल्न र राणा बिरोधि गतिबिधि गर्न पाइदैन थियो । त्यसैले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थापना भारतको कलकत्तामा गरिएको थियो (के.सी., २०७९) । यसको संस्थापक महासचिब पुष्पलाल श्रेष्ठ थिए । नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको एक बर्ष पछि वि.सं.२००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भयो । करीब एक बर्ष खुल्ला गतिविधि गरेपछि वि.सं.२००८ सालमा पुन प्रतिबन्ध लगाइयो (के सी., २०७९) । वि.सं.२००८ साल असोज ११ गतेदेखि १६ गतेसम्म कलकत्तामा प्रथम सम्मेलन गरिएको थियो (के.सी., २०७९) । उक्त सम्मेलनले पुष्पलाललाई महासचिवमा चयन गऱ्यो तर पछि पोलिटब्युरो बैठकले पुष्पलाललाई हटाई मनमोहन अधिकारीलाई कार्यबाहक महासचिब बनायो । प्रथम सम्मेलन वि.सं.२००८ सालमा भएपनि पार्टी महाधिवेशन बि सं २०१० साल माघ १३ देखि १७ गते सम्म पाटनको ग्वाबहलमा भएको थियो (के सी., २०७९) । यो अधिवेशनबाट मनमोहन अधिकारी महासचिमा चैन भए । उक्त अधिवेशनबाट १३ सदस्यीय केन्द्रीय समिती चयन भयो । वि.सं. २०१३ सालमा मनमोहन अधिकारी चीन गएपछि कार्यबाहक महासचिब केशरजंग रायमाझीलाई बनाइएको थियो । वि.सं. २०१३ सालको बैशाख महिनामा त्यो पार्टीमाथि लागाइएको प्रतिबन्ध हटाइएको थियो । प्रतिबन्ध हटेपछि पछि वि.सं.२०१४ जेठ १४ देखि २४ सम्म काठमाडौंको फोहोरा दरवारको प्रभात सिनेमा हलमा दोस्रो महाधिबेसन भयो । त्यो महाधिबेशनबाट केशरजंग रायमाझि पार्टी महासचिब बने (मशाल साप्ताहिक, २०१४ जेठ १७) ।

वि.सं.२०१७ साल भदौ २२ देखि असौज ७ गते सम्म बसेको केन्द्रीय समितिको बैठकले वि.सं.२०१७ साल फागुन ७ गतेबाट नारायणगढमा तेस्रो महाधिबेसन गर्ने निर्णय गरिएको थियो (के.सी., २०७९) । तर त्यस वर्षको पौष १ गते नै राजाले पार्टीमाथि प्रतिबन्ध लगाए । महासचिब रायमाझीले पुष १ गतेको कदमको स्वागत गरे । त्यसपटि त्यो महाधिबेशन हुन सकेन । त्यसपछि त्यही वर्षको फागुनमा दरभंगामा प्लेनम भयो तर मूल नेतृत्वले त्यो प्लेनमलाई स्वीकार गरेन । अल्पमत पक्षले तल्लो कमिटीहरूलाई महाधिवेन गर्न माग गऱ्यो तरपनि महाधिबेशन भएन । त्यसपछि तल्लो कमिटीको माग भन्दै अल्पमत पक्षले वि.सं.२०१९ बैसाख ४ मा बनारसमा तेस्रो सम्मेलन गऱ्यो । संस्थापन पक्षको महासचिव केशरजंग रायमाझी भए पनि अल्पमत पक्षले तुलसिलाल अमात्यलाई महासचिब बानायो (के.सी., २०७९) ।

पार्टीको औपचारिक विभाजन पश्चात् तेस्रो महाधिवेशनद्वारा निर्वाचित नेतृत्व भित्रै अन्तरकलह उत्पन्न भयो । पार्टी महासचिव तुलसीलाल अमात्य र वरिष्ठ नेता पुष्पलाल बीच कटाक्ष सुरु भयो । एउटा पक्षले कुन बाटो ? र अर्को पक्षले मूलबाटो भन्ने लेख लेखे । अन्तत्वगत्वा वि.सं.२०२५जेठमा भारतको गोरखपुरमा तेस्रो सम्मेलन आयोजना गरी पुष्पलालले बेग्लै पार्टी स्थापनाको घोषणा गरे (के.सी., २०७९) । त्यसपछि कम्युनिष्ट एकता सम्पर्क समिति नेपाल, वि.सं.२०३१, सर्वहारा क्रान्तिकारी सङ्गठन वि.सं.२०३३ र मुक्तिमोर्चा समूह वि.सं.२०३३ जस्ता स–साना कम्युनिष्ट समूहहरू अस्तित्वमा आए (के.सी., २०७९) । यसै सिलसिलामा मोहनविक्रम सिंह पक्षले बनारसमा चौथो महाधिवेशन वि.सं.२०३१ सालको असोज महिनामा अलग पार्टी स्थापनको घोषणा गरे । त्यसपछि मनमोहन अधिकारीहरूले ललितपुरमा एकता सम्मेलन वि.सं.२०३६ मा आयोजना गरी बेग्लै नेकपाको स्थापना गरे (के.सी., २०७९) । यस बीच झापा जिल्ला कमिटीले वि.सं.२०३२ जेठमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेशनले कमिटी (माले) गठन गर्दै वि.सं.२०३५ सालमा नेपाल कम्युनिष्ट पार्टी (माले) को स्थापना गरियो (के.सी., २०७९) मोहनविक्रम सिंह पक्षले बनारसमा चौथो महाधिवेशन (२०३१) को आयोजना गरी अलग पार्टी स्थापनको घोषणा गरे पछि केही समय त्यो समूह राम्रै चलेपनि वि.सं.२०३९ मा मोहनबिक्रम पक्ष र निर्मल लामा बीच विभाजन भयो । सिंह पक्षले मसाल र लामा पक्षले चौम नाम राखे । वि.सं.२०४१ सालमा मसालमा पनि बिभाजन भयो । मोहन बिक्रमले नेतृत्व गरेको समूहले मसाल नाम राख्यो भक्तबहादुर श्रेष्ठ र मोहन बैद्यले नेतृत्व गरेको समूहले मशाल नाम राख्यो (के.सी., २०७९) । वि.सं.२०४६ सालमा प्रजातन्त्र पुर्नस्थापना भए पछि परिस्थिति नयाँ बन्यो । पार्टीहरू बीच एकता सुरु भयो । नेकपमा (माले) र मनमोहन नेतृत्वको (मार्क्सवादी) मिलेर एमाले बनाए । अर्कोतर्फ वि.सं.२०४७ सालमा पुष्पकमल दाहाल नेतृत्वको  नेकपा मशालबाट मोहन बिक्रम सिंहले बिद्रोह गरेपछि नेकपा (चौम) र सर्वहारावादी श्रमिक सङ्गठन बीच एकता भई नेकपा (एकता केन्द्र) बन्यो । तर यो पार्टी पनि धेरै समय एकता बद्ध भएन (के.सी., २०७९) । अन्ततः संस्थापन पक्षले वि.सं.२०५१ जेठ १६-२१ चितवनमा आयोजना गरेको प्रथम राष्ट्रिय सम्मेलनको मञ्चबाट पार्टीभित्रको अल्पमत पक्षलाई नै नेतृत्वबाट हटायो । पुष्पकमल दाहाल (प्रचण्ड) पार्टी महासचिव निर्वाचित भए । केन्द्रीय समितिमा रहेका भिन्नमत पक्षीय नेताहरूमध्ये एक जनाबाहेक सबैलाई निष्कासन गरियो । यसरी केन्द्रीय समितिमा रहेका एक जनाबाहेक सबैमाथि कारबाही गरेपछि एकता केन्द्र विधिवत् रूपमा विभाजित भएको घोषणा गर्न मात्र बाँकी रह्यो ।

कारबाहीमा परेको पक्षले २०५१ जेठ १५ गते आफू पक्षको “राष्ट्रिय सम्मेलन आयोजक समिति” गठन गरी विधिवत् पार्टी विभाजनको प्रक्रियाको थालनी गऱ्यो । यसरी ‘एकता केन्द्र’ पुनर्विभाजित भई दुई अलग-अलग समूहको अस्तित्व कायम हुन आयो । बहुमत पक्षद्वारा आयोजित चितवनको प्रथम राष्ट्रिय सम्मेलनपछि त्यस

पक्षले पार्टी केन्द्रीय समितिको तेस्रो विस्तारित बैठक आयोजना गर्यो । यस बैठककले आफ्नो समूहको नाम नेपाल कम्युनिस्ट पार्टी (माओवादी) राख्यो (के.सी., २०७९) । नवगठित माओवादीले वि.सं.२०५२ फाल्गुण १ बाट मुलुकमा 'जनयुद्ध' को घोषणा गऱ्यो । पार्टीको नाम नेकपा (माओवादी) राखेपछि पार्टी महासचिव पुष्पकमल दाहालले पनि अफ्नो नाम निर्माणबाट कम्रेड प्रचण्ड बनाए ।

## नेपालको परराष्ट्रनीति

नेपालको परराष्ट्रनीतिको व्यवस्थित अवधारणा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि सुरु भएको पाइन्छ । नेपालको परराष्ट्र सम्बन्धमा सबै भन्दा बढी प्रभाव पार्ने तत्व यहाँको भूगोल रहेको छ । दुई ठूला भौगोलिक क्षेत्र भएका देशहरू भारत र चीनको बीचमा नेपाल रहेको छ । यही बुझेर पृथ्वीनारायण शाहले नेपाल दुई ढुङ्गा बिचको तरुल हो भनेका थिए (अधिकारी, २०७६) । पृथ्वीनारायण शाहको समयमा यसो भनिए पनि राणा शासनकालमा भने बेलायतसँग निकट सम्बन्ध रहेको देखिन्छ । भारत स्वतन्त्र भएसँगै बेलायतको कम्पनी सरकार भारतबाट फर्कियो । त्यस पछि भने नेपालले छिमेकी देशहरूसँग सन्तुलित बिदेशनीति अपनाउने प्रयास गरेको पाइन्छ (शिवाकोटी, २०७३) । दोस्रो विश्वयुद्धपछि दुनियाँ साम्यवादी र पुजिँवादी खेमा गरी दुई ध्रुबमा विभमजित हुँदै गयो । साम्यवादी खेमाको नेतृत्व सोभियत संघले गऱ्यो भने पूजिवादी खेमाको नेतृत्व अमेरिकाले गऱ्यो । यस्तो अवस्थामा नेपालमाथि पनि आफ्नो खेमामा आउन दवाब पऱ्यो । तर नेपालले कुनैपनि पक्षमा लाग्नु उचित ठानेन । यही कुरालाई आत्मसाथ गर्दै नेपालले दुई छिमेकी मुलुकहरूसँग सन्तुलित सम्बन्धको नीति अपनाई पञ्चशिलका आधारमा असंलग्न परराष्ट्रनीति अपनायो ।

वर्तमान समयमा पनि नेपालसँग सीमाना जोडिएका दुई छिमेकी मुलुकहरू भारत र चीन विकासको होडमा अगाडि बढिरहेका छन् । दुई फरक धार र विचार बोकेका भारत र चीनको बीचमा नेपाल एक भूपरिवेस्टित मुलुकका रुपमा रहेको छ । त्यसैले नेपालले सन्तुलित परराष्ट्र नीति अपनाउनु पर्ने वाध्यता कायम रहँदै आएको छ । त्यही सन्तुलन कायम गर्नका लागि नेपालले असंलग्न परराष्ट्र नीति अपनाउदै आएको छ (शिवाकोटी, २०७३) । अर्थात् नेपालको परराष्ट्रनीति पञ्चशिलमा आधारित असंलग्न परराष्ट्रनीति हो । परराष्ट्रनीतिको उद्देश्य देशको सार्वभौमिकता बचाउँदै अधिकतम देशको हितमा काम गर्ने हो । यही कुरालाई आत्मसाथ गर्दै नेपालको परराष्ट्र नीति सुनिश्चित गरिएको छ ।

## नेपालका कम्युनिष्टहरूको परराष्ट्रनीतिक सोच

सिद्धान्ततः कम्युनिष्टहरूले आफूलाई अन्तरर्राष्ट्रियतावादी भन्छन् । तर नेपालका कम्युनिष्टहरूले भने आफ्नो स्थापनाकालदेखि नै राष्ट्रियता र जनतन्त्रका मुद्दासँगसँगै आफ्ना दस्तावेजमा उल्लेख गर्ने गर्दै आएका छन् (शिवाकोटी, २०५३) । नेपाली कम्युनिष्टहरूको विदेशका कम्युनिष्ट पार्टीहरूसँग भाइचारको सम्बन्ध स्थापनाकालदेखि नै कायम रहँदै आएको छ (के.सी., २०७९) । उनीहरूको चिनियाँ, रुषी र भारतीय कम्युनिष्ट पार्टीहरूसँग सुरुदेखि नै भाइचाराको सम्बन्ध कायम रहँदै आएको थियो यद्यपी वि.सं.२०१९ सालपछि जब अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा रुस र चीन खेमा भयो तव नेपालका कम्युनिष्टहरूमा पनि सोही अनुरुप विभाजित मनस्थिति देखा पऱ्यो । एकले अर्कालाई गालीगलौज गर्ने र विदेशी कम्युनिष्ट पार्टीहरूलाई हेर्ने दुष्टिकोण पनि भिन्नता हुँदै गयो । ती पार्टीहरूका दस्तावेजहरूमा भारत बिस्तारवादी र अमेरीकालाई साम्राज्यवादी भनेका पाइन्छ । त्यसो भएपनि उनीहरूले पञ्चशिल र असंलग्न परराष्ट्रनीतिलाई भने स्वीकार गरेका थिए (सिवाकोटी, २०५८) ।

नेपाल कम्युनिट पार्टीको दस्तावेजमा भने नेपालको वैदेशिक नीति सबै राष्ट्रहरू विशेषगरी आफ्ना निकटका छिमेकीहरूसँग शान्ति तथा मित्रताको सिद्धान्तका आधारमा सञ्चालित होस् भन्ने रहेको छ (के. सी., २०७९)। नेपाल कम्युनिष्ट पार्टीको कार्यक्रम वि.सं. २०११ को जनवरी २६–३० सम्म पाटनमा आयोजित पार्टीको प्रथम महाधिवेशनमा पार्टी महासचिव मनमोहन अधिकारीद्वारा प्रस्तुत तथा पारित कार्यक्रमको १६ नम्बर बुँदामा पनि उक्त कुरा उल्लेख गरिएको छ । वि.सं. २०१९ बैशाख ४ गतेदेखि १५ गतेसम्म भारतको बनारसमा सम्पन्न तृतीय महाधिवेशनमा तुलसीलाल अमात्यले मन्त्री अन्तर जोन सञ्जाल समितिद्वारा प्रेषित र पारित राजनीतिक प्रस्तावमा पनि राजाको हुकुमी शासन व्यवस्था र परराष्ट्र नीति भन्ने उपशिर्षकमा नेपालले अगाल्दै आएको परराष्ट्रनीति साम्राज्यबादको पक्षमा भएको भन्दै त्यसको ठाँउमा चीन र रुससँग सम्बन्ध गाँस्न भनिएको थियो (के.सी., २०७९) । तर सारमा राष्ट्रियताको मुद्धा र जनतन्त्रका मुद्धासँगसँगै उठाउने आफ्ना दस्तावेजमा उल्लेख गर्ने गरेका पाइन्छ ।

## माओवादी पार्टीको परराष्ट्रनीति

माओवादी पार्टीको जग वि.सं.२०४८ सालमा चितवनको माडीमा सम्पन्न एकता महाधिवेशनलाई मान्ने हो भने तत्कालीन नेकपा (एकताकेन्द्र) ले प्रमुख अन्तरविरोधको रूपमा 'भारतीय विस्तारवादद्वारा संरक्षित सामन्त नोकरशाही र दलाल पूँजीपति वर्ग मिलेर बनेको घरेलु प्रतिक्रियावादी सत्तासँग नेपाली जनताको अन्तरविरोधलाई' किटान गरेको थियो (खतिवडा, २०८०) । वि.सं.२०५१ साल जेठ १६-२० सम्म चितवनमा आयोजना गरेको प्रथम राष्ट्रिय सम्मेलनले राष्ट्रियता र जनतन्त्र एवं जनजीविकाका मुद्धासँगसँगै उठाउने निर्णय गरेको थियो । यो पार्टीले जनविद्रोह घोषणा गर्नुअघि सरकारलाई बुझाएको ४० बुँदे मागपत्रमा राष्ट्रियतासँग जोडिएका सातबटा माग राखेका थिए (संयुक्त जनमोर्चा, २०५२) । द्वन्दहुँदै शान्ति प्रक्रियासम्म आइपुग्दा माओवादीले आफ्ना हरेक राजनीतिक दस्तावेजमा 'अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद' देशी बिदेशी प्रतीकृयाबाद आदि लेख्दै आएको थियो (खतिवडा, २०८०) ।

माओवादी शशस्त्र द्वन्दमा गएपछि वि.सं.२०५३ साल कार्तिक ९ गते अध्यक्ष प्रचण्डद्वारा पार्टीभित्र जारी गरेको परिपत्रको २ नं बुँदामा राष्ट्रघातका विरुद्ध सङ्घर्ष, राष्ट्रिय एकता र राष्ट्रिय युद्धबारे भन्दै लेखिएको थियो । नेपालमा सम्पन्न हुने नयाँ जनवादी क्रान्ति र त्यसका लागि अघि बढिरहेको शशस्त्र युद्ध सामन्तवाद र साम्राज्यवाद विरुद्ध परिलक्षित रहेको कुरा उल्लेख गरिएको थियो (प्रचण्ड, २०५३) । यसको अर्थ माओवादीको क्रान्तिमा एकैसाथ राष्ट्रियता र जनवादी दुवै चरित्र विद्यमान रहेको थियो भन्ने हो । तर त्यो राष्ट्रिय युद्ध र जनवादी युद्ध (गृहयुद्ध) को प्रश्नलाई यान्त्रिक र निरपेक्ष रूपमा बुझ्न थालियो भने त्यो गम्भीर भूल हुनेछ भन्ने कुरा अगाडि सारियो (प्रचण्ड, २०५३) । सामान्यतः साम्राज्यवाद र सर्वहारा क्रान्तिको आजको युगमा नेपाल जस्तो अर्ध-सामन्ती र अर्ध औपनिवेशिक मुलुकमा साम्राज्यवादका विरुद्ध राष्ट्रिय एकताको/जातीय एकता/जाति उत्पीडनका विरुद्ध सङ्घर्षको झण्डालाई जोडदार रूपले उठाएर मात्र नयाँ जनवादी क्रान्ति सम्पन्न हुन सक्दछ भन्ने मान्यता अगाडि सारिएको छ । राष्ट्रिय युद्ध पदावलीले साम्राज्यवादी वा विस्तारवादी शक्तिहरूको प्रत्यक्ष सैनिक हस्तक्षेपका विरुद्धको युद्धलाई जनाउने गर्दछ । यसरी यो पदावली देशमा आन्तरिक अन्तरविरोध होइन, बाह्य अन्तरविरोध प्रधान रहेको वा बन्न गएको कुरालाई इंगित गरिएको थियो (प्रचण्ड, २०५३) । नेपालको वर्तमानको वस्तुगत स्थिति विदेशी शक्तिका विरुद्ध राष्ट्रिययुद्धमा होइन दलाल, सामन्ती, राष्ट्रघाती तत्वहरूका विरुद्ध गृहयुद्धमा संलग्न हुनु हो भन्ने प्रचण्डको भनाई रहेको थियो (मगरात राज्य

सम्मेलन आयोजक समिति, २०६९) । यसरी हेर्दा माओवादीले शशस्त्र संघर्ष शुरु गरेको दुई बर्षसम्म पनि दलाल, सामन्ती, राष्ट्रघाती तत्वहरूका विरुद्धको संघर्ष प्रमुख मानेको देखिन्छ ।

वि.सं.२०५५ साल भाद्रमा सम्मपन्न चौथो बिस्तारित बैठकमा माओवादी पार्टीका महामन्त्री प्रचण्डद्वारा प्रस्तुत र पारित प्रतिबेदनको ३ नं बुँदामा ऐतिहासिक पहलदेखि तेस्रो योजनासम्म युद्धको संक्षिप्त सिंहावलोकन भनी उल्लेख गरिएको थियो । प्रचण्डको उक्त प्रतिबेदनमा भारतीय विस्तारवादको विशेष पहलमा प्रतिक्रियावादी सत्ताको नेतृत्वमा नेपाली काँग्रेसको फासीवादी तप्कालाई सत्तासिन गराइयो । गिरिजाप्रसाद कोईराला नेपाली काँग्रेसको त्यही भारतीय दलाल र फासीवादी तप्काको प्रतिनिधि हो । उसलाई कुर्चिमा राखिसकेपछि भारतीय सरकार र सेनाका प्रमुखले उसलाई नरसंहारको निमित्त निर्देशित गरे भनी उल्लेख गरेका थिए (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । देशभित्र स्वयम् कांग्रेसकै कैयौं मानिसहरूको विरोध र असहमतिलाई बेवास्ता गर्दै एमाले गद्दार गुटलाई प्रयोग गर्दै र राष्ट्रिय सहमतिको ढोल पिट्दै गिरिजाले नेपाली जनताका विरुद्ध नरसंहारमा उत्रने फासीवादी योजना बनाइरहेको अन्तमा जेष्ठको दोस्रो हप्ताको अवधिदेखि “किलो सेरा टु” नामको त्यो हत्या र राज्य आतङ्कको अभियान सुरु गरे भनी उल्लेख गरे (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) ।

माओवादीका ती दस्तावेजमा वि.सं.२०५५ देखि भारत विरुद्ध बढी नै आक्रमक भाषा प्रयोग गर्ने गरेको पाइन्छ । साथै नेपालमा माओवादीमाथि भएको दमन भारतको ईसारामा भएको हो भन्ने त्यो पार्टीको बुझाई रहेको थियो । माओवादीले द्वन्दको समयमा नेपाली क्रान्ति र भारतीय विस्तारवादका विरुद्धको आन्दोलन भन्ने शब्दाबलिहरू प्रयोग गरेका थिए । त्यसैले माओवादी पार्टी भारतप्रति बढी नै आक्रमक देखिएको थियो । त्यसभन्दा अगाडिका दस्ताबेजहरूमा नेपालको प्रतिक्रियावादी सत्तासँग नेपाली जनताको अन्तरविरोध रहेको भन्ने भाषा प्रयोग गरिएको थियो । तर पछि नेपाली जनता रणनीतिक अन्तरविरोधको रूपमा भारतीय विस्तारवादद्वारा संरक्षित सामन्त, नोकरशाही पूँजीपतिवर्ग मिलेर बनेको सरकार भन्ने कुरा उल्लेख गर्न थालियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । यसै सम्बन्धमा माओवादीका तत्कालिन उपत्यका ब्युरो इन्चार्ज अनिल शर्माका अनुसार वि.सं.२०५८ पछि प्रचण्ड पनि बाबुरामको लाईनमा गए । म त्यसबेला भारतको बेउर जेलमा थुनामा थिए । प्रचण्ड बाबुरामको लाइनमा गएपछि भारतका प्रधानमन्त्री मनमोहन सिंहलाई पत्र लेखे । त्यो समयमा नेपालमा ज्ञानेन्द्र राजा भए । अमेरिकि साम्राज्यबाद र भारतीय बिस्तारबाद मिलेर बीरेन्द्रको हत्या गरी नेपालमा ज्ञानेन्द्रलाई राजा बनाएकोले उनले पनि माओवादी प्रति कडा नीति अपनाए । सम्पर्क गर्न खोज्दा पनि खासै चासो देखाएन् यस्तो अवस्थामा एक पटकमा एउटा मात्र मुख्य दुस्मन हुने भएकोले त्यो समयमा माओवादीको दरबार मुख्य दुस्मन भयो । त्यसपछि देशभित्र राजाबिरुद्ध संघर्ष गरीरहेका सात राजनीतिक दल र भारतको संकेतमै दरबार हान्ने नीति लिएको हो भनी उल्लेख गरेका थिए ( अनिल शर्मासँग मिति २०८० साउन २ गते लिएको अन्तरवार्ता) ।

वि.सं.२०६० साल चैत १३ मा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीका स्थायी समिति सदस्य तथा पूर्वी कमान्ड इन्चार्ज मोहन वैद्य (किरण) भारतीय प्रहरीद्वारा सिलगुडीमा गिरफ्तार पर्नुअघि माओवादीका अधिकांश शीर्ष नेताहरूको आश्रयस्थल भारत नै थियो । वैद्य लगायत नेताहरूको गिरफ्तारी भएपछि माओवादीका शीर्ष नेताहरू आफ्नो सुरक्षा खोज्दै नेपाल फर्किएका थिए । विस्तारवादी शक्ति भएको दावी गर्दैआएको देश भारत माओवादीका नेताहरूका लागि सुरक्षित नभएको निष्कर्ष निकाली स्वदेश फर्किएको माओवादी शीर्ष नेतृत्वले भारतविरोधी नारालाई अझै चर्को गरी लगाउन थाले (खतिवडा, २०८०) ।

वि.सं.२०६१ साल भदौमा रोल्पाको फुन्टिवाङ बैठकले 'भारतविरुद्ध सुरुङयुद्ध गर्ने' निर्णय नै गर्यो र माओवादी प्रभाव रहेका ग्रामीण क्षेत्रमा भारत विरुद्ध लड्न भनेर साना-ठूला सुरुङ पनि खनिएका थिए तर फुन्टिवाङ बैठकको भारत विरुद्ध सुरुङयुद्ध लड्ने निर्णय लिनुका पछाडि भने भारतमा माओवादी नेताहरू पक्राउ पर्ने शृङ्खला नरोकिनुसँग जोडिएको थियो (खतिवडा, २०८०) । उक्त बैठकमा प्रस्तुत राजनीतिक दस्तावेजमा 'नेपाली क्रान्ति र भारतीय विस्तारवादको विरुद्ध संघर्षबारे' भन्ने शीर्षकमा लेखिएको थियो कि 'अहिले भारतीय शासकहरूले निरंकुश सामन्ती दरबारसँग झगडा नगर्न संसदवादी राजनीतिक दलहरूलाई दिइरहेको दबाब, कथित शाही सेनालाई जोडतोडले दिइरहेको सहयोग, संयुक्त राष्ट्रसंघको मध्यस्थता वा उपस्थितिका विरुद्ध गरिरहेको षड्यन्त्र, माओवादी जनयुद्धका विरुद्ध सैन्य हस्तक्षेप गरिनसक्ने कुराको खुल्ला धम्की र वकालत आदिले कथित नेहरू डक्ट्रिनको अनुसरण गर्दै नेपाललाई सिक्किम बनाउने विस्तारवादी षड्यन्त्रलाई मात्र व्यक्त गर्दछन्' भनी उल्लेख गरिएको थियो (खतिवडा, २०८०) ।

सुरुङयुद्धको राजनीतिक औचित्य पुष्टि गर्ने क्रममा माओवादीको दस्तावेजमा भनिएको थियो कि "नेपालको विशिष्ट स्थितिमा राष्ट्रिय र जनवादी क्रान्तिमा पूर्णताको एक आधारभूत रणनीतिक शर्त भारतीय विस्तारवादबाट मुक्ति प्राप्त गर्नु रहेको तथ्य निर्विवाद छ । नेपाली जनयुद्ध भारतीय विस्तारवादी हस्तक्षेपसँगै टक्कर नलिई र त्यसमाथि विजय प्राप्त नगरी सफल हुने कुराको कल्पना नै गर्न सकिन्न" (खतिवडा, २०८०) । यसै सन्दर्भवमा तत्कालिन माओवादि विदेश विभाग प्रमुख सि.पी.गजुरेलका अनुसार भारतको बिरोध पहिला पनि थियो तर त्यो समयमा एकातर्फ भारतमा माओवादीका नेतालाई प्रकाउ गरियो भने अर्कोतर्फ नेपालको शशस्त्र युद्धमा भारत सक्रिय भएर लाग्यो । त्यसैले यो बिषय अलि बढि उठ्यो तर पछि प्रचण्ड बिस्तारै नरम हुँदै गएपछि विस्तारै मथ्थर भयो । यसो हुनुको कारण प्रचण्डलाई भारतसँग प्रतिद्वन्दिता लिँदा युद्ध पार लगाउन सकिदैन र बिस्तारै अवतरण गर्नका लागि सबैकुरामा नरम नीति लिनुपर्दछ भन्ने उद्देश्यले भारतसँग नरम लिएको हुनसक्ने देखिन्छ भनी उललेख गरिएको पाइन्छ (सि.पी.गजुरेलसँग मिति २०८० साउन १ गते लिएको अन्तरवार्ता) ।

वि.सं.२०६० साल तिर माओवादीले भारतको तिब्र बिरोध गरे पनि त्यसको एक बर्षपछि भने फरक दृष्टिकोण राखेको देखिन्छ । वि.सं.२०६१ सालको श्रावण महिनामा बसेको माओवादीको केन्द्रिय समितीको बैठकमा अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत र पारित गरिएको प्रबेदनमा पनि भारतको बिरोध गरे पनि दुस्मनहरू बीचको अन्तर बिरोधमा खेल्नु पर्दछ भन्दै घुमाउरो भाषामा भारतसँग मिल्ने आशय व्यक्त गरिएको थियो । प्रतिबेदनको ३ नं बुँदामा "तत्कालिक र कार्यनैतिक अर्थमा दुश्मनहरूका बीचको अन्तरविरोधलाई उपयोग गर्ने नीतिअनुसार पार्टीले हमेशा पुरानो सत्ताको बागडोर समातेर जनसमुदायमाथि दमन र अत्याचार गर्ने, प्रतिक्रियावादी गुटमाथि नै आफ्नो आक्रमण केन्द्रित गर्ने नीति लिँदै आएको छ" भनी उल्लेख गरिएको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । त्यसअनुसार माओवादीको शशस्त्र युद्धको पहिलो वर्ष पुरानो सत्तामा भारतीय विस्तारवादको प्रत्यक्ष दलाली गर्दै एवम् राष्ट्रघाती र असमान सन्धि सम्झौता गर्दै नेपाली जनताको वास्तविक राष्ट्रिय र जनतान्त्रिक आकांक्षामाथि कुठाराघात गर्ने प्रतिक्रियावादी गुटका विरुद्ध केन्द्रित रहेको भनी उल्लेख गरिएको थियो (प्रचण्ड, २०६१) ।

वि.सं.२०६१ सालको श्रावण महिनामा बसेको माओवादीको केन्द्रीय समितिको बैठकमा प्रचण्डले प्रस्तुत गरेको राजनितिक र संगठनात्मक प्रतिबेदको २ नम्बर पेजमा भारतसँग नरम नीति लिएको देखिन्छ । त्यो दस्ताबेजमा "निश्चय नै पार्टीले बाह्य रूपमा अमेरिकी साम्राज्यवाद र आन्तरिक रूपमा निरङ्कुश सामन्ती

दरबारियाहरूमाथि आफ्नो आक्रमण केन्द्रित रहेको सन्दर्भमा भारतीय विस्तारवादको तत्कालीन 'रक्षात्मक' स्थितिलाई ध्यान दिँदै उसँग तत्कालका लागि कुटनैतिक सङ्घर्ष चलाउने नीति लिएको थियो'' भनी उल्लेख गरिएको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । तत्कालीन कार्यनैतिक अर्थमा त्यसप्रकारको गोप्य कुट्नैतिक सङ्घर्ष चलाउन सही हुँदाहुँदै पनि खुल्ला राजनैतिक सम्बन्ध र सङ्घर्षलाई त्यही स्तरमा उठाउनमा पार्टी पछाडि परेको कुरा स्वीकारिएको थियो । उपरोक्त पार्टी नीतिको राजनैतिक फौजी क्षेत्रमा गरिएको कार्यान्वयनको प्रक्रिया बेनी कारबाहीसम्म आइपुग्दा अमेरिकी साम्राज्यवाद र सामन्ती दरबारियाहरूको कार्यनीति राजनैतिक र फौजी दुवै क्षेत्रमा असफलसिद्ध भएको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) ।

वि.सं.२०६२ साल असोज १८ गतेदेखि २२ सम्म चलेको माओवादीको बैठकमा अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत र पारित प्रतिवेदनमा भारतसँग सम्बन्ध बढाउने आसय देखिन्छ किनकि प्रतिबेदनमा "केही समयदेखि सामन्ती राजतन्त्र र भारतीय शासक वर्ग बीच बढ्दैगएको अन्तर बिरोधमा पनि ध्यान दिन योग्य छ'' भनी उल्लेख गरिएको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । त्यो समयसम्ममा माओवादीले दरबारका बिरुद्धमा कार्यगर्दा भारतको सहयोग लिन खोजेको देखिन्छ । वि.सं.२०६३ सालको बैशाखमा सम्पन्न केन्द्रीय समितिको बैठकले भने सबै क्षेत्रमा सम्झौता हुन सक्ने निणर्य गरेको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । पार्टीले राजनीति र कुटनीतिका क्षेत्रमा प्रसस्त सम्झौता गर्न सक्छ तर हजारौं शहीदको रगतको बलमा नेपाली जनताले आर्जन गरेको आफ्नो बास्तबिक शक्ति जनमुक्ति सेना र जनताको हातमा आएको हतियार कदापि छाड्ने छैन । जनताको अभिमत अनुसार यसको नाम र संरचना हेरफेर हुन सक्छ तर साम्राज्यवादी र प्रतिकृयावादीहरूलाई फाइदा हुँनेगरी तथा उनिहरूको इच्छा र आग्रहमा यसको नाम पनि बदलिने छैन भनी उल्लेख गरिएको थियो (मगरात राज्य सम्मेलन आयोजक समिति, २०६९) । शान्ति बार्तामा आएपछि भने राजनीति र कुटनीतिका क्षेत्रमा माओवादीले प्रसस्त सम्झौता गरी भारतसँग पनि आफ्नो अनुकुल नहुदाँ बिरोध गर्ने अनुकुल हुदाँ नगर्ने नीति लिएको पाइन्छ । यसै सन्दर्भमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के.सी.ले "माओवादी पनि भारतमा बस्नु पऱ्यो, राष्ट्रियताको कुरा गर्दा भारतले लखेटिहाल्थ्यो भनी उल्लेख गरेका थिए । माओवादीले पहिला भारतमै बसेर नेपालका राजासँग मिलेर लोकतन्त्रका पक्षधर दललाई सिध्याउन चाहन्ये । त्यसैले उनीहरूले दलका कार्यकर्ता धेरै मारे तर उनीहरूले एउटा पनि दरबारीया मारेनन् । त्यसैले माओवादीको युद्ध जनयुद्ध नै होइन भनी उल्लेख गरे । सुरुदेखि नै माओवादीहरू दरबारसँहग मिलेर लोकतन्त्र खतम गर्न चाहन्थे । राजाको दाउ पनि यिनीहरूलाई प्रयोग गरी लोकतन्त्र खतम गर्ने नै थियो । तर पछि राजाले माओवादीलाई विश्वास नगरेपछि उनीहरूले भारतसँग शरण मागे भनी उल्लेख गरेका थिए । पछि भारतका प्रधानमन्त्री मनमोन सिंहलाई चिठी लेखेर नै माओवादीले सहयोग मागे । माओवादीको यो मौसमी खालको राष्ट्रबाद हो र आफूलाई तह पर्ने भएपछि राष्ट्रियताको कुरा उठाउने घाटापर्ने भए पछि तिलाञ्जली दिने नीति उनीहरूको थियो भनी उल्लेख गरिएको पाइन्छ ( चित्रबहादुर के.सी.सँग मिति २०८० साल साउन ३ गते लिएको अन्तरवार्ता) ।

## निष्कर्ष

नेपालको विदेशनीति आधुनिक नेपालका संस्थापक पृथ्वीनारायण शाहले भने जस्तै नेपाल दुई ढुङ्गा बीचको तरुलका रुपमा वर्तमान समयमा पनि रहेको पाइन्छ । राणा शासन, पञ्चायती शासन र बहुदलिय शासन तथा गणतन्त्र नेपाललाई पनि विदेश नीति बनाउँदा यही कुरा आत्मसाथ गरेको पाइन्छ । नेपालका राजनीति दल विशेषगरी कम्युनिष्टहरूले आफ्ना दस्तावेजमा विदेश नीतिअर्न्तगत भारतनीति उल्लेख गर्ने गरेका थिए । त्यसमा उनीहरूले भारतीय जनता र भारतीय कम्युनिष्ट पार्टीसँग राम्रो सम्बन्ध राख्ने उल्लेख गरे पनि शासकलाई बिस्तारवादी भन्ने गरेका थिए । कम्युनिष्टहरूले आफूलाई अर्न्तराष्ट्रियवादी भएको देखाउन त्यसो

गर्ने गरेका हुन् । अर्को कम्युनिष्ट पार्टी माओवादीको विदेशनीति पनि असंलग्न परराष्ट्रनीति भन्दा बाहिर देखिदैन । माओवादीको दस्तावेजमा अमेरिकी साम्राज्यवाद र भारतीय बिस्तारवाद भन्दै त्यसको बिरोध गरिएको पाइन्छ । यो बिरोध उनीहरूको सैद्धान्तिक स्तरको मात्र भएको देखिन्छ । माओवादीको गरेको शशस्त्र द्वन्द वि.सं.२०५२ देखि २०६२ को समयमा अपनाएको भारनीतिलाई हेर्दा यसमा एक रुपता देखिदैन । वि.सं.२०५२ सालमा शशस्त्र संघर्ष गर्ने समयमा प्रमुख दुश्मन देशीय सामान्तवाद र विदेशी प्रतिकृयावादी हुने भनिएको थियो । आन्दोलनको क्रममा राष्ट्रियता र जनतन्त्रका दुवै मुद्धा उठाए पनि जनतन्त्रको सवाल प्रमुख भएको बताइएको थियो । बिचमा राष्ट्रियताको मुद्दा प्रमुख बनेको भन्दै भारतको बढी विरोध गरियो र अन्तिमतिर अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलित बनाउने भन्दै भारतसँग नरम व्यवहार अपनाएको देखिन्छ । यसरी हेर्दा राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका मुद्दा उठाएर आम नागरिकलाई आफूतर्फ आकर्षित गर्ने उनीहरूको रणनीति देखिन्छ । राष्ट्रियताको मुद्दा उठाउँदा राष्ट्रवादी शक्तिको सहानुभूति पाइने, जनतन्त्र अन्तरगत गणतन्त्र स्थापना भन्दा सम्पूर्ण कम्युनिष्ट राजतन्त्र बिरोधीको साथ पाइने भएकाले त्यसो गरेको देखिन्छ । जनजीविकाको मुद्धाअन्तर्गत महङ्गी, भ्रष्टचार र कुशाशनको बिरोध गर्दा आम जनताको सहानुभूति पाइने भएर तीनवटै एजेण्डासँगै उठाएको देखिन्छ । यस अर्थमा माओवादीको भारतनीति दोधारे भएको प्रस्ट हुन्छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, बमबहादुर (२०७६). *नेपालको सरल इतिहास.* स्वदेश प्रकाशन ।

अर्याल, बमबुराम (२०७९). *बिदेश नीति र कुटनीति.* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.ली. ।

के.सी., सुरेन्द्र (२०७९). *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग १).* बिद्यार्थी पुस्तक भण्डार ।

के.सी., सुरेन्द (२०७९). *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग २).* बिद्यार्थी पुस्तक भण्डार ।

के.सी., सुरेन्द (२०७९). *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास (भाग ३ ).* बिद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, सुदर्शन (२०८०) *भारतपरस्त : आफ्नै लौरोले कुटिंदै प्रचण्ड* https://www.onlinekhabar.com/2023/07/1332790

खनाल, यदुनाथ (२०३४). *नेपाल ट्रान्जिसन फरम आइसोलेशन.* साझा प्रकासन ।

गुरुङ, गिता (२०७७). *इण्डिया रिलेशन डिपेनडेन्सी एण्ड स्टाटेजी.* त्रिभुवन विश्वविद्यालयमा प्रस्तुत स्नातकोत्तर तहको शोधपत्र ।

गौतम, पामिर (२०७९ कार्तिक १३). *नयाँपत्रिका दैनिक* ।

थोमस, एस. (१९९१). क्राइसिस गेम अफ ट्वान्टिसेभेन एअर्स लेट ।

नेपालसरकार (२०७७). परराष्ट्रनीति) https://mofa.gov.np/wpcontent/uploads/ 2020/12

पन्त, एस. (२०२१). कम्प्रेटिभ कस्टिच्युसन अफ नेपाल. एस.आई.आर.यु. ।

पन्त, हर्ष भी. (२ मे २०२२). *हिन्दी पोष्ट* ।

मगरात राज्य सम्मेलन आयोजक समिति (२०६९). *आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्तावेज ग्रन्थ एक.* एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ।

वि.सं.२०४१ मंसिरमा भारतमा सम्मपन्न केन्द्रीय संगठन समितीका महासचिब चित्रबहादुर के.सी. द्वारा प्रस्तुत भई पारित प्रतिबेदन ।

वि.सं.२०५३ साल कार्तिक ९ गते अध्यक्ष प्रचण्डद्वारा पार्टीभित्र जारी गरेको परिपत्र ।

वि.सं.२०५५ भाद्रमा सम्पन्न चौथो बिस्तारित बैठकमा पार्टी महामन्त्री प्रचण्डद्वारा प्रस्तुत र पारित प्रतिवेदन ।

वि.सं.२०६१ साल साउनमा बसेको केन्द्रिय समितीको बैठकमा अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत भई पारित प्रबेदन ।

वि.सं.२०६३ बैशाखमा सम्पन्न केन्द्रिय समितिको बैठकको विशेष योजनाको दस्ताबेज ।

शिवाकोटी, गोपाल (२०५८). *नेपालको परराष्ट्रनीतिमा बामशक्तिको भूमिका.* पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७३). *अन्तर्राष्ट्रिय सम्बन्ध सिद्धान्त र व्यवहार.* पैरवी प्रकाशन ।

सरोह, अरोह (२०२१). वर्ड अफेयरर्स. कपुर सूर्य सोनफेसन् ।

सिंह, मोहनबिक्रम (२०४९). *चार दशक.* जनसाहित्य प्रकाशन ।

संयुक्त जनमोर्चाले वि.सं.२०५२ सालमा प्रधानमन्त्री शेरबहादुर देउबा नेतृत्वको सरकार समक्ष पेश गरेको ४० सुत्रीय मागपत्र ।